- अविच्छिन्न १० वर्ष वा सो भन्दा बढी अवधि स्वामीत्वमा रहेको वा १० वर्ष वा सो भन्दा बढी बसोबास गरेको भवन,
- कुनै हितकारी अवकाश कोषमा रहेको रकम,
- कुनै प्राकृतिक व्यक्तिको ३० लाख भन्दा कम मूल्यमा निसर्ग गरेको घरजग्गा तथा निजी भवन,
- तीन पुस्ताभित्र भएको खरिद, विक्री बाहेक अन्य किसिमले हस्तान्तरण गरी निसर्ग गरेको सम्पत्ती ।

**४. वासिन्दा व्यक्ति भन्नाले कस्तो व्यक्तिलाई बुझिन्छ ?**

कुनै आय वर्षका सम्बन्धमा निम्न बमोजिमको व्यक्तिलाई वासिन्दा व्यक्ति भनिन्छ ।

- प्राकृतिक व्यक्ति: नेपालमा सामान्य वसोवास रहेको, ३६५ दिनमध्ये १८३ दिन वा सो भन्दा बढी अवधि नेपालमा रहेको वा सरकारले विदेशमा खटाएको व्यक्ति ।
- साझेदारी फर्म
- नेपालमा स्थापना भएको ट्रष्टी आय वर्षमा वासिन्दा भएको व्यक्ति वा बासिन्दा व्यक्तिहरूको नियन्त्रणमा रहेको ट्रष्ट
- नेपाल कानुन अन्तर्गत संस्थापित वा कुनै आय वर्षमा नेपालमा कम्पनी व्यवस्थापन प्रभावकारी रहेको कम्पनी
- नेपाल सरकार
- गाविस, नगरपालिका वा जिविस
- नेपाल कानुन अन्तर्गत स्थापना भएको वा कुनै आय वर्षमा नेपालमा व्यवस्थापन प्रभावकारी रहेको विदेशी सरकार वा अन्तर्गतका सरकारका निकाय
- कुनै सन्धी सम्झौता अन्तर्गत स्थापित संस्था वा निकाय
- गैर वासिन्दा व्यक्तिको नेपालमा रहेको विदेशी स्थायी संस्थापन ।

**५. आयकर ऐन बमोजिम कस्तो व्यक्तिलाई कर लाग्दछ ?**

देहायका प्रत्येक व्यक्तिलाई प्रत्येक आय वर्षमा आयकर ऐन बमोजिम कर लाग्दछ ।

- कुनै आय वर्षमा करयोग्य आय भएको व्यक्ति,
- कुनै आय वर्षको आय विदेशमा पठाउने गैर वासिन्दा व्यक्तिको नेपालस्थित विदेशी स्थायी संस्थापन,
- कुनै आय वर्षमा अन्तिम रूपमा करकट्टी भई भुक्तानी प्राप्त गर्ने व्यक्ति ।

**६. आयकर ऐन बमोजिम कर गणनाको दर कस्तो रहेको छ ? उल्लेख गर्नुहोस् ।**

आयकर ऐन २०५८ मा आर्थिक ऐन २०७३ ले गरेको संशोधन अनुसार प्राकृतिक वासिन्दा व्यक्ति वा दम्पत्तीको आयमा निम्नानुसार कर लाग्दछ ।

Question Bank Nepal

| करको दर | वासिन्दा प्राकृतिक व्यक्तिको हकमा | वासिन्दा दम्पत्तीको हकमा |
|---|---|---|
| १% | ३ लाख ५० हजारसम्म | ४ लाख सम्म |
| १५% | ३ लाख ५० हजार भन्दा बढी ४ लाख ५० हजार सम्म | ४ लाख भन्दा बढी ५ लाख सम्म |
| २५% | ४ लाख ५० हजार भन्दा बढी २५ लाख सम्म | ५ लाख भन्दा बढी २५ लाख सम्म |
| ४०% | २५ लाख भन्दा बढी | २५ लाख भन्दा बढी |

**७. कुनै आय वर्षमा करयोग्य आय भएको वासिन्दा प्राकृतिक व्यक्तिले नेपालमा स्रोत भएको व्यवसायबाट मात्र आय गरेमा कसरी कर दाखिला गर्नुपर्दछ ?**

त्यस्तो व्यक्तिको व्यवसायबाट प्राप्त आय दुई लाखमात्र भएको र व्यवसायको कारोबार २० लाख रुपैया भन्दा बढी नभएको र औषधि उपचार तथा अग्रीम कर मिलान गर्न दाबी नगरेको अवस्थामा महानगर वा उपमहानगरपालिका क्षेत्रमा ५०००।-, नगरपालिका क्षेत्रमा २५००।- र अन्य क्षेत्रमा १५००।- रुपैया कर एकमुष्ट दाखिला गर्नुपर्दछ ।

**८. आयकर ऐन २०५८ ले तोकेका कर योग्य आयका शीर्षकहरू उल्लेख गर्नुहोस् ।**

आयकर ऐन २०५८ संशोधनसहितले निम्नानुसार कर योग्य आयका शीर्षकहरूको उल्लेख गरेको छ ।

१) व्यवसाय
२) रोजगारी
३) लगानी
४) आकस्मिक लाभ

उपरोक्त बमोजिमका शीर्षकबाट भएको आयमा कर छुट पाएका संस्थाहरूलाई दिएको चन्दा वा उपहारको रकम, सम्पदा संरक्षण र खेलकुदको विकासमा गरेको खर्च तथा अवकास कोषमा राखिएको रकम कटाएर बाँकी हुन आउने आयलाई करयोग्य आय भनिन्छ । यस्तो करयोग्य आयको निर्धारण गर्दा वासिन्दा व्यक्तिको जहाँसुकैबाट भएको आय र गैरवासिन्दा व्यक्तिको नेपालमा भएको आयमा प्रदान गरिएको व्यावसायिक छुट तथा सुविधाहरू र अवकास कोषमा योगदान गरेको रकम कटाई हुन आउने आयलाई करयोग्य आय मानि कर निर्धारण गरिन्छ ।

**९) आयकर प्रयोजनका लागि व्यवसायबाट भएको आयको गणना गर्दा कस्ता रकमहरू समावेश हुन्छन्**

ऐनको दफा ७ अनुसार, व्यवसाय सञ्चालनबाट सम्बन्धित आय वर्षमा भएको मुनाफा र लाभहरू सम्बन्धित आय वर्षको आय हुन्छ । यस्तो मुनाफा र लाभको गणना निम्नानुसारका रकमहरू समावेश गरी गर्नुपर्दछ :



Question Bank Nepal

- सेवा शुल्क
- व्यापारिक मौज्दातको निशर्गबाट प्राप्त रकम
- व्यावसायिक सम्पत्ती तथा दायीत्वको निसर्गबाट प्राप्त खुद लाभ
- व्यवसायको ह्रासयोग्य सम्पत्तीको कुनै समूहको निसर्ग गर्दा प्राप्त हुने रकममा खर्च हुने रकम कटाइ बाँकी रकम
- व्यवसाय सञ्चालनका सम्बन्धमा कुनै व्यक्तिबाट प्राप्त गरेको उपहार
- व्यवसाय सञ्चालनका लागि कुनै प्रतिबन्ध स्वीकार गरेवापत प्राप्त गरेको रकम
- आफ्नो व्यवसायसँग प्रत्यक्ष रूपमा सम्बन्धित भई लगानीबाट प्राप्त गरेको रकम
- कर लेखांकनका लागि अपनाइएको लेखाको सिद्धान्तका आधारमा निर्धारण गरिएको आय, आर्जित रकमबाट कर दायित्व भएका आय व्यक्तिलाई गरिएको भुक्तानी वा बाँडफाँड कटाइ बाँकी हुने रकम, व्यवसायका हिताधिकारीहरूलाई भएको भुक्तानी वा सामान्य वीमा व्यवसाय सञ्चालन् वापत भएको आयकर प्रयोजनमा समावेश गर्नुपर्ने रकमहरू ।

यस्ता रकममा छुट हुने भनि तोकिएको रकम छुट पाउने भनि तोकिएको वितरित लाभांस तथा नियन्त्रित विदेशी निकायहरूले छुट पाउने भनी तोकिएको रकम र अन्तिम रूपमा कर कट्टी हुने भुक्तानीहरू भने यसरी गरिने गणनामा समावेश गर्नुपर्दैन ।

**१०. रोजगारीबाट भएको आयको गणनामा कस्ता रकमहरू समावेश गर्नुपर्दछ ?**

ऐनको दफा ८ मा भएको व्यवस्था अनुसार रोजगारी आयमा कुनै प्राकृतिक व्यक्तिले कुनै आय वर्षमा रोजगारीबाट प्राप्त गरेको पारिश्रमिकलाई रोजगारी आय भनिन्छ । यस्तो आयमा निम्न रकम समावेश हुन्छन्:

- ज्याला, तलव, विदावापतको रकम, अतिरिक्त समय काम गरेको रकम, शुल्क, कमिसन, पुरस्कार, उपहार, वोनस वा अन्य सुविधाको रकम
- महंगी भत्ता, जीवन निर्वाह खर्च, भाडा, मनोरञ्जन वा यातायात भाडा वापतको रकम लगायतका कुनैपनि व्यक्तिगत भत्ताको भुक्तानी
- व्यक्तिगत प्रयोजनका लागि भएको खर्चको सोधभर्नाको रकम
- रोजगारीको शर्तवापत, अवकाश वापतको भुक्तानी, अवकास कोषको रकम प्राप्ती तथा अन्य रोजगारी सम्वद्ध भुक्तानीहरू

तर यसरी गणना गरिने रोजगारी आयमा निम्न रकम समावेश गर्नुपर्दैन

- छुट पाउने भनि तोकिएका रकमहरू
- अन्तिम रूपमा करकट्टी भई प्राप्त रकम
- सबैलाई समान रूपमा उपलब्ध गराएको कार्य स्थलको खाजा वा खानाको रकम
- रोजगारदाताको व्यावसायिक प्रयोजनमा भएको खर्चवापत प्राप्त भएको सोधभर्नाको रकम

Question Bank Nepal

- हिसाब किताब राख्न अव्यवहारिक वा प्रशासनिक रुपले कठिन हुने रोजगार दाताबाट हुने भुक्तानीको रकम ।

**११. लगानीबाट भएको आयको गणनामा कस्ता रकमहरू समावेश हुन्छन् ?**

ऐनको दफा ९ अनुसार कुनै व्यक्तिले कुनै आय वर्षमा लगानीबाट गरेको मुनाफा वा लाभहरू लगानी आयमा समावेश हुन्छन् । यसरी लगानी आयमा समावेश हुने रकमहरू निम्न छन्:

- लगानीबाट प्राप्त लाभांस, व्याज, भाडा, रोयल्टी, लगानी वीमावाट प्राप्त लाभ, प्राकृतिक स्रोत वापतको भुक्तानी, अवकास कोषको हितबाट प्राप्त लाभ वा भुक्तानी ।
- लगानीको गैरव्यावसायिक करयोग्य सम्पत्तिको निसर्गबाट प्राप्त खुद लाभ
- लगानीको ह्रास योग्य सम्पत्ती निसर्गबाट प्राप्त रकमहरू
- लगानीका सन्दर्भमा प्राप्त उपहार
- लगानीका सम्बन्धमा गरिएको अवकास भुक्तानी र अवकास कोषमा जम्मा गरिएको रकमको योगदान
- लगानीका सम्बन्धमा कुनै प्रतिबन्ध स्वीकार गरेवापत प्राप्त रकमहरू
- कर लेखांकनका सिद्धान्त तथा रकमहरूको बाँडफाँड तथा लगानीको वापत हिताधिकारी भई प्राप्त रकम

यस्तो लगानी आयमा छुट पाउने रकमहरू, अन्तिम रूपमा कर कट्टी हुने भुक्तानी र सो व्यक्तिको रोजगारी वा व्यवसायबाट आर्जन गर्ने रकमको गणनामा समावेश हुने रकम समावेश गर्नुपर्दैन ।

**१२. आकस्मिक लाभ वापत भएको आयमा के कस्तो रकम समावेश हुन्छ ?**

आयकर ऐन २०५८ को आर्थिक ऐन २०७३ बाट भएको संशोधनको परिभाषा खण्डमा उल्लेख भए अनुसार आकस्मिक लाभमा चिट्ठा, उपहार, पुरस्कार, बक्सिस, जितौरी तथा अन्य कुनै पनि आकस्मिक रूपमा प्राप्त हुने लाभको रकमलाई समावेश गर्नुपर्दछ ।

**१३. के कस्ता रकमहरूमा आयकर ऐन बमोजिम कर छुट हुन्छ ?**

आयकर ऐनको दफा १० ले निम्न रकमहरूमा कर छुट हुने व्यवस्था गरेको छ :

- नेपाल सरकारसँग भएको सन्धी वा सम्झौतामा कर छुट सुविधा अनुसार छुट प्राप्त गरेको रकम
- विदेशी राष्ट्रको सरकारी सेवामा रोजगारी गरेवापत सोही राष्ट्रको कोषबाट भुक्तानी प्राप्त गर्ने कुनै प्राकृतिक व्यक्तिले प्राप्त गरेको रकम र यस्तो व्यक्तिको परिवार वा निकटस्थ व्यक्तिले समेत सो राष्ट्रको सरकारी कोषबाट प्राप्त गरेको रकम
- कर तिर्नुनपर्ने शर्तमा नेपाल सरकारको सेवामा नियुक्त भएको गैर नेपाली नागरिकले प्राप्त गरेको रकम
- नेपाल सरकारले वृद्ध, विधवा वा अपांगलाई दिएको भत्ता रकम



Question Bank Nepal

- व्यवसाय, रोजगारी वा लगानी आयमा समावेश हुनुपर्ने बाहेकका उपहार, इच्छापत्र, अपुताली वा छात्रवृत्तीको रूपमा प्राप्त हुने रकम
- छुट पाउने संस्थाले प्राप्त गरेको चन्दा, उपहार, अन्य योगदानहरू,
- नेपाल राष्ट्र बैंङ्क र नेपाल धितोपत्र वोर्डले आफ्नो उद्देश्य अनुरुप आर्जन गरेको रकम
- विदेशी राष्ट्रको कोषबाट निवृत्तभरण प्राप्त गर्नेले प्राप्त गरेको निवृत्त भरणको रकम

**१४. कर प्रयोजनका लागि के कस्ता व्यावसायिक छुट तथा सुविधाहरूको उल्लेख भएकोछ ?**

निम्न रकमहरू व्यवसायिक छुट तथा सुविधामा समावेश छन्:

- कुनै फर्म, कम्पनी, साझेदारी वा संगठित संस्थाको रूपमा दर्ता गरी कृषि व्यवसायबाट प्राप्त आय
- कृषि प्रयोजनका लागि छुट्याइएको जग्गामा औद्योगिक कृषि व्यवसाय बाहेक अन्य कृषि आम्दानीमा
- सहकारी ऐन बमोजिम दर्ता भएको कृषि र वन पैदावरमा आधारित व्यवसाय ग्रामीण समुदायमा आधारित बचत तथा ऋण सहकारीको आय र यस्ता संघसंस्थाले वितरण गरेको लाभांसमा
- विशेष उद्योग र सूचना प्रविधि उद्योग सञ्चालन गरी ३ सय र १२ सय भन्दा बढी नेपाली नागरिकलाई वर्षै भरी प्रत्यक्ष रोजगारी दिने उद्योगलाई लाग्ने करमा क्रमश ९० र ८०% रकम छुट हुने
- अति अविकसित, अविकसित र अल्पविकसित क्षेत्रमा विशेष उद्योग सञ्चालन भएमा १० वर्षसम्म लाग्ने करमा क्रमश १०, २० र ३०% रकम छुट हुने
- हिमाली जिल्ला र तोकेको पहाडी जिल्लामा विशेष आर्थिक क्षेत्रमा स्थापित उद्योगलाई १० वर्षसम्म १००% र त्यसपछि ५०% कर छुट, यस बाहेक अन्य क्षेत्रका आर्थिक क्षेत्रमा स्थापना हुने उद्योगहरूलाई ५ वर्षसम्म १००%, र त्यसपछि ५०% का छुट एवं त्यस्ता क्षेत्रमा स्थापित उद्योगले वितरण गरेको लाभांशमा ५ वर्षसम्म १००% र त्यसपछिका ३ वर्षसम्म ५०% छुट हुने यस्ता क्षेत्रमा स्थापित उद्योगले वितरण गरेको लाभांसमा ५ वर्षसम्म १००% र त्यसपछिका ३ वर्षसम्म ५०% छुट हुने । यस्ता क्षेत्रमा स्थापित उद्योगका विदेशी लगानीकर्ताले आर्जन गरेको रोयल्टीमा ५०% छुट हुने
- दुर्गम क्षेत्रमा स्थापित उद्योगमा उद्योग स्थापना भएको मितिले १० वर्षसम्म १००% छुट
- सरकारले तोकेको सूचना प्रविधि पार्कभित्र स्थापित उद्योगको आयमा लाग्ने करमा २५% छुट
- २०७५ चैत्र महिनासम्म विद्युत उत्पादन, प्रसारण र वितरण शुरु गरेमा सो को ७ वर्षसम्म १००% आयकर छुट र पछिको ३ वर्ष ५०% छुट

Question Bank Nepal

- २०७१ भाद्र ७ भित्र निर्माण शुरु गरी २०८० चैत्रभित्र उत्पादन गर्ने जलविद्युत उत्पादकलाई उत्पादन शुरु गरेको पहिलो १० वर्ष १०० र
- उत्पादनमूलक उद्योगले उत्पादित वस्तु निर्यात गरेमा २५% छुट
- सडक, पुल, विमानस्थल, सुरुङ्ग मार्ग, ट्रली वस, ट्राममा लगानी गरी सञ्चालन गरेमा ४०% छुट
- धितोपत्र बजारमा सूचिकृत उत्पादनमूलक, पर्यटन, जलविद्युत उत्पादन सम्बन्धी र विशेष उद्योगलाई १०% छुट
- अति अविकसित क्षेत्रमा स्थापित फलफूलमा आधारित उद्योगलाई कारोवार शुरु गरेको १० वर्षसम्म ४०% छुट
- वौद्धिक सम्पत्ति निर्यातबाट प्राप्त रोयल्टी आयमा २५% छुट र विक्रीबाट प्राप्त आयमा ५०% कर छुट
- एउटा आयका सम्बन्धमा एकभन्दा बढी छुट पाउने अवस्था भएमा रोजेको एउटा मात्र छुट पाउने,
- पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालन गर्न सरकारसँग सम्झौता भएको अवस्थामा सम्झौता हुँदाको समयमा कायम भएको कर सम्बन्धी व्यवस्था सम्झौता अवधिभर निरन्तर लागू हुने
- राष्ट्रिय महत्वका जलविद्युत्, अन्तर्राष्ट्रिय विमानस्थल, भूमिगत मार्ग, सडकमार्ग, रेलमार्ग जस्ता पूर्वाधार विकास आयोजना तथा ३०० जना भन्दा बढी स्वदेशी कर्मचारीलाई रोजगार दिने र ५०% भन्दा बढी स्वदेशी कच्चा पदार्थ प्रयोग गर्ने उत्पादनशील उद्योगलाई २०७५ चैत्र मसान्तसम्म गरेको लगानीमा आयस्रोत नखोजिने ।

**१५. आयकर गणना प्रयोजनका लागि के कस्ता रकमहरू कट्टि गर्न पाउने व्यवस्था छ ?**

आयकर ऐनको परिच्छेद ५ मा आयकरको गणना गर्दा कट्टि हुने रकमहरूको उल्लेख रहेको छ । यस अनुसार निम्न प्रकारका खर्च रकमहरू कट्टी गर्न पाइन्छ:

१) सामान्य कट्टी: कारोवारसँग सम्बन्धित आय वर्षमा त्यस्तो कर तिर्ने व्यक्तिबाट भएका सामान्य खर्च र आय आर्जन हुने व्यवसाय वा लगानीको रकम

२) व्याज कट्टी: आय आर्जन हुने कार्यका लागि कुनै वर्ष सिर्जना भएको ऋण दायित्व अन्तर्गत सोही वर्ष प्रयोग गरिएको वा सम्पत्ती खरिदमा प्रयोग भएको ऋण दायित्वको व्याज रकम र कर छुट पाउने संस्थाद्वारा नियन्त्रित व्यक्तिले त्यस्तो संस्थालाई तिरेको व्याज रकम

३) व्यापार मौज्दातको लागतको खर्च कट्टी: कुनै व्यक्तिको कुनै आय वर्षमा रहेको व्यवसायको व्यापार मौज्दातको लागत खर्चको रकम

४) मर्मत तथा सुधार खर्च: सम्बन्धित आय वर्षमा आय आर्जनमा प्रयोग भएको ह्रासयोग्य सम्पत्तीको मर्मत सुधारमा भएको खर्च रकम ।

Question Bank Nepal

५) प्रदुषण नियन्त्रण खर्च: सम्बन्धित आय वर्षमा व्यवसाय सञ्चालन कार्यमा खर्च गरेको प्रदुषण नियन्त्रण खर्च रकम । यस्तो खर्च कट्टी गर्दा त्यस्तो व्यक्तिको व्यवसायको समायोजित करयोग्य आयको ५०% भन्दा बढी कट्टी गर्न नपाइने तर बढी खर्च भएको रकम आगामी आयवर्ष गणना गर्न पाइने ।

६) अनुसन्धान र विकास खर्च: सम्बन्धित आय वर्षमा सञ्चालन भएको कार्यमा खर्च गरेको अनुसन्धान र विकास खर्च ।

७) ह्रास कट्टी खर्च: सम्बन्धित आय वर्षमा व्यवसाय सञ्चालनमा प्रयोग भएका आफ्नै स्वामित्वका सम्पत्तिको ह्रास खर्च वापतको रकम

८) व्यवसाय वा लगानीबाट भएको नोक्सानी: सम्बन्धित आय वर्षमा भएको कट्टी हुन नपाएको नोक्सानी र विगत सात वर्षहरूसम्म कट्टी हुन नपाएको नोक्सानीको रकम ।

**१६. आयकर गणनामा के कस्ता रकमहरू कट्टी गर्न पाउदैन ?**

कुनै आय वर्षमा कुनै व्यवसाय, रोजगारी वा लगानी आयमा निम्न खर्च रकम कट्टी गर्न पाइदैन:

- घरेलु वा व्यक्तिगत प्रकृतिका खर्च
- आयकर ऐन बमोजिम बुझाउनुपर्ने कर र अरु देशमा बुझाएको जरिवाना वा अन्य शुल्क
- आयकर छुट पाउने रकम प्राप्त गर्न वा अन्तिम रूपमा कर कट्टी गरिएका रकम प्राप्त गर्न गरिएका खर्चहरू
- कुनै निकायबाट गरिएको मुनाफाको वितरण
- कट्टी गर्न नपाउने भनि तोकिएका बाहेक कट्टी नपाउने भनि नतोकिएको कुनै रकम
- कुनै आय वर्षमा २० लाख भन्दा बढीको कारोबार गर्ने व्यक्तिले तोकिएका अवस्था बाहेक सो आय वर्षमा एक पटकमा ५० हजार भन्दा बढीको नगद भुक्तानी गरेको भए त्यस्तो रकम
- पूँजीगत प्रकृतिको खर्च र विदेशी आयकर वापतको कुनै पनि रकम ।

**१७. आयकर लेखांकन कसरी गरिन्छ ? उल्लेख गर्नुहोस् ।**

ऐनको दफा २२ मा भएको व्यवस्था अनुसार आयकर लेखांकन गर्दा ऐनमा उल्लेखित व्यवस्था अन्तर्गत लेखाको सर्वमान्य सिद्धान्तका आधारमा गरिन्छ । यस क्रममा प्राकृतिक व्यक्तिले आफ्नो रोजगारी तथा लगानी आयको गणना गर्दा कर प्रयोजनका लागि नगदमा आधारित लेखांकन विधि अनुसार र कम्पनीले एक्रुअल आधारमा लेखांकन गर्नुपर्दछ । यस अनुरुप भइरहेको लेखांकन तरिका परिवर्तन गर्नुपरेमा विभागको स्वीकृति लिनुपर्ने र एक प्रकारको विधिबाट अर्कोमा सार्दा कुनै रकम नछुट्ने गरी समावेश गर्नुपर्दछ । यस्तै कुनै व्यक्तिले रोजगारी, व्यवसाय वा लगानीबाट प्राप्त गरेको आयको गणनामा कुनै अवस्थामा प्राप्त आय वा व्यहोरेको खर्चको लेखा राख्दा कारोबार गरिएकै समयमा उपयुक्त



Question Bank Nepal

समायोजन गर्नुपर्ने र निर्धारित अवस्थामा मात्र कुनै रकम प्राप्त गर्ने अधिकार त्याग्न वा डुबेको रकम अपलेखन गर्न पाउँछ ।

**१८. सम्पत्ती वा दायित्वबाट प्राप्त हुने खुद लाभको निर्धारण कसरी हुने व्यवस्था रहेको छ ?**

कुनै व्यक्तिको व्यावसायिक सम्पत्ति, लगानी तथा गैर व्यावसायिक सम्पत्ती तथा हस्तान्तरित सम्पत्ती आदिको निसर्गबाट हुने लाभको निर्धारण गर्नका लागि त्यस्तो व्यवसायको सम्पत्ति वा दायित्वको निसर्गबाट प्राप्त सबै प्रकारका लाभमा सो वर्ष हुन गएको सबै नोक्सानीको योग र सो वर्षमा व्यक्तिको अन्य कुनै व्यवसायबाट हुन गएको खुद नोक्सानीमध्ये अन्यत्र कट्टी हुन नसकेको नोक्सानी कटाएर गणना गर्नुपर्दछ । यसको साथै विगतमा भएको खुद नोक्सान कटाएको नभएमा पनि कटाइ गणना गर्न सकिने व्यवस्था छ । यसैगरी सम्पत्ती वा दायित्वको निसर्गबाट हुन गएको कुनै व्यक्तिको लाभ भन्दा तिर्नुपर्ने रकम बढी भएमा वा नोक्सानी भएमा त्यस्तो नोक्सानी भएजति रकम कटाउन सकिन्छ ।

सम्पत्ती तथा दायित्वको निर्माण, उत्पादन, परिमार्जन, सुधार तथा मर्मत सम्भार गर्दा वा त्यस्तो सम्पत्ती स्वामित्व लिंदा भएको खर्च त्यस्तो सम्पत्ती निसर्ग गर्दा आकस्मिक तथा नियमित खर्च, त्यस्तो सम्पत्तीबाट भएको सबै आम्दानी भन्दा दायित्वहरूको योग बढी भएको अवस्थामा बढी भएजति रकम कटाउन सकिन्छ ।

किस्ताबन्दीमा भएमो विक्री वा वित्तीय पट्टाका माध्यमबाट वा पतिपत्नीमा वा मृत्युपश्चात हुने सम्पत्तीको हस्तान्तरण, प्रतिफल नलिइ गरिएको हस्तान्तरण, ह्रासयोग्य सम्पत्ती हस्तान्तरण गर्दा ह्रास कट्टी गर्न तोकिएबमोजिमको दरमा निसर्गवापत प्राप्त भएको मानि गणना भएको रकम ।

सम्पत्ती वा दायित्व प्रतिस्थापन गर्दा, गाभ्दा, विभाजन गर्दा हुने सम्पत्तीको निसर्गबाट भएको लाभमा नोक्सानी कटाइ बाँकी हुने रकम सम्पत्ती वा दायित्व प्राप्त गर्दा, वहन गर्दा वा निसर्ग गर्दा गरिएको खर्च वा आम्दानी अवस्था अनुसार बाँडफाँड गरी निसर्गपछिको वजार मूल्यको आधारमा गणना गर्दा हुने रकमका आधारमा

**१९. अन्तर्राष्ट्रिय करका सम्बन्धमा आयकर ऐन २०५८ को व्यवस्था उल्लेख गर्नुहोस् ।**

आयकर ऐनको परिच्छेद १३ मा अन्तर्राष्ट्रिय करको वारेमा उल्लेख गरेको छ । यसले आयको स्रोतलाई नेपालमा रहेको स्रोत र विदेशी स्रोतको रूपमा विभाजन गरेको छ । यस्तै विदेशी स्थायी संस्थापनहरू, नियन्त्रित विदेशी निकायहरू, गैरवासिन्दाको कारोबार, गैरवासिन्दालाई लाग्ने कर, वैदेशिक कर मिलानका प्रावधानहरू व्यवस्थित गरिएको छ । यस ऐनले नेपालमा आय भएको मानिने स्रोतहरूको उल्लेख गरी त्यस्ता स्रोत बाहेकको आय, नोक्सानी, रकम, लाभ वा भुक्तानीलाई विदेशी स्रोत मानेको छ । नेपालमा रहेको कुनै विदेशी स्थायी संस्थापनको आयमा लाग्ने कर सोही संस्थापनले दाखिला गर्नुपर्ने, नेपालबाट विदेश पठाएको आयमा स्थायी संस्थापनलाई कर लाग्ने, नियन्त्रित विदेशी

Question Bank Nepal

निकायहरूले कुनै आय वर्षको अन्तमा आफ्ना हिताधिकारीहरूको अधिकार अनुसार समानुपातमा वितरण गरेको लाभांसमा कर लाग्ने र सो बाहेक नलाग्ने व्यवस्था रहेको छ । नेपालमा जलयात्रा, हवाइयातायात वा दूरसंचार सेवा उपलब्ध गराउने गैरवासिन्दा व्यक्तिको करयोग्य आय गणना गरी सोमा पच्चीस प्रतिशत कर लाग्ने व्यवस्था रहेको छ । कुनै वासिन्दा व्यक्तिले कुनै आय वर्षमा दाखिला गरेको कुनै विदेशी आयकर सो वर्षको नेपालको करको औसतदरभन्दा बढी भएमा कर मिलान गर्न वा आगामी वर्षका लागि सार्न सक्ने व्यवस्था गरिएको छ । यस्तै नेपाल सरकारले विदेशी सरकारसँग दोहोरो कर नलाग्ने गरी अन्तर्राष्ट्रिय सम्झौता गर्न सक्ने र सो सम्झौता उल्लेख भएबमोजिम कर लगाउने तथा छुट दिन सक्ने छुट्टै व्यवस्था पनि आयकर ऐनको दफा ७३ मा रहेको छ ।

**२०. आयकर ऐनले करदातालाई के कस्ता अधिकार दिएको छ ?**

यस ऐनले ऐन बमोजिमका कर बुझाउनुपर्ने कर्तव्य पालना गर्नुपर्ने व्यवस्था सहित करदातालाई निम्न अधिकार हुने व्यवस्था गरेको छ ।

- सम्मानपूर्वक व्यवहारको अधिकार
- करसम्बन्धी कुराहरूको सूचना प्रचलित कानुनबमोजिम प्राप्त गर्ने अधिकार
- कर सम्बन्धी कुरामा सफाइको सबुत पेश गर्ने मौका प्राप्त गर्ने अधिकार
- प्रतिरक्षाको लागि कानुन व्यवसायी वा लेखापरीक्षक मुकरर गर्ने अधिकार र,
- कर सम्बन्धी गोपनीय कुराहरू यस ऐनमा उल्लेख भए बाहेक अनतिक्रम्य हुने अधिकार ।

**२१. आयकरको भुक्तानीका सम्बन्धमा आयकर ऐनले निर्धारण गरेको समय उल्लेख गर्नुहोस ।**

आयकर ऐन बमोजिम तिर्नुपर्ने कर तोकिएको स्थान, र तरिका बमोजिम निम्न बमोजिमको समयमा तिर्नुपर्ने व्यवस्था ऐनमा उल्लेख छः

- अग्रिम आयकर कट्टी गर्नुपर्ने व्यक्तिले कर कट्टी भएको महिना समाप्त भएको २५ दिनभित्र
- किस्ताबन्दीमा कर बुझाउनुपर्ने व्यक्तिले अनुमानित करको ४०% सम्म पौष महिनाको अन्तसम्म, ७०% सम्म चैत्र मसान्तसम्म, बाँकी असारको अन्तसम्ममा
- निर्धारण गरिएका कर बुझाउनुपर्नेले
  - आयविवरण पेश गरी कर बुझाउनुपर्नेले आय विवरण बुझाउनुपर्ने मितिमा
  - कुनै व्यक्ति टाट उल्टिएमा, डुबेमा विघटन भएमा, नेपालमा गरिरहेको कार्य छोड्न लागेमा वा आय उपयुक्त अवस्थामा निर्धारित मितिभन्दा अगावै कर तिर्न कर निर्धारण गरी सूचना दिएमा सूचनामा तोकिएको म्यादभित्र
- संसोधित कर निर्धारणको सूचना बुझाउदा सूचनामा तोकिएको समयमा
- कर वक्यौता बुझाउन वा कर वक्यौता राख्नेलाई भुक्तानी दिने भुक्तानीकर्तालाई करको रकम बुझाएर मात्र भुक्तानी दिन वा वक्यौता राख्ने गैरवासिन्दाको एजेन्टबाट वक्यौता असूल गर्न जारी भएको सूचना बमोजिमको कर सूचनामा तोकिएको मितिमा

- कर बुझाउनुपर्ने निकायले कर नबुझाएको कारणले कायम हुन आएको दायित्वको सम्बन्धमा त्यस्तो कर बुझाउनु पर्ने समयमा
- कर दायित्व बाँकी भएको व्यक्तिको सम्पत्ती प्राप्त गर्नेसँग बक्यौता राख्नेको कर दाखिला गर्न माग गरिएकोमा लिलामविक्री गरी मिलान गरिएको वा मिलान गर्न नसकिएको मितिले ७ दिनभित्र
- निर्धारण गरिएको शुल्क तथा व्याजको सम्बन्धमा निर्धारणको सूचनामा उल्लेखित मितिमा ।

**२२. लगानी प्रतिफल र सेवा शुल्कको भुक्तानी गर्दा कर कट्टीको दर उल्लेख गर्नुहोस ।**

नेपालमा स्रोत भएको व्याज, प्राकृतिक स्रोत, भाडा, रोयल्टी, सेवा शुल्क, कमिशन वा विक्री वोनस, अवकास भुक्तानी र अन्य कुनै प्रतिफल तथा रकम भुक्तानी गर्दा कूल भुक्तानी रकमको १५% का दरले । तर निम्न अवस्थामा निम्न दरले

- नेपाल सरकार वा स्वीकृत अवकाश कोषबाट भएको अवकाश भुक्तानीको हकमा गणना गरिएको लाभमा ५ प्रतिशतका दरले,
- बासिन्दा रोजगार कम्पनीले गैर बासिन्दा व्यक्तिलाई भुक्तानी गरेको कमीशनमा ५ प्रतिशतका दरले
- वायुयानको लिज वापतको रकम भुक्तानी गर्दा १० प्रतिशतका दरले
- मू.अ.करमा दर्ता भएको सेवाप्रदायक बासिन्दा व्यक्ति वा मु.अ.कर छुटको कारोवार गर्ने बासिन्दा निकायलाई भुक्तानी गरेको सेवा शुल्कमा भुक्तानी रकमको १.५ प्रतिशतका दरले,
- बासिन्दा व्यक्तिले नेपालमा स्रोत भएको भाडा भुक्तानी गरेकोमा १० प्रतिशतका दरले
- सामुहिक लगानी कोषबाट प्राकृतिक व्यक्तिलाई वितरण गरिने प्रतिफल रकम भुक्तानीमा ५ प्रतिशतका दरले ।

वासिन्दा व्यक्तिले नेपालमा स्रोत भएको देहायको भुक्तानीमा देहायको दरले

- लाभांस भुक्तानी गरेकोमा भुक्तानी रकमको पाँच प्रतिशत
- लगानी बीमाको लाभ भुक्तानी गर्दा भुक्तानी रकमको पाँच प्रतिशत
- स्वीकृति नलिएको अवकाश कोषबाट लाभ भुक्तानी गर्दा लाभ रकमको पाँच प्रतिशत
- बैंक, वित्तीय संस्था वा ऋणपत्र जारी गर्ने वा कानुनबमोजिम सूचिकृत अन्य कम्पनीले प्राकृतिक व्यक्तिलाई दिने व्याज वा व्याज वापतको रकममा १५% का दरले
- आकस्मिक लाभ वापतको भुक्तानीमा २५% तर ५ लाख सम्मको पुरस्कारमा नलाग्ने र अन्तर्राष्ट्रियस्तरका पुरस्कारमा सरकारले छुट दिन सक्ने
- पचासहजार रुपैयाभन्दा बढीको ठेक्काको भुक्तानीमा १.५% का दरले

Question Bank Nepal

- गैर वासिन्दा व्यक्तिलाई वायुयान मर्मत तथा अन्य ठेक्का वा करार वापत ५% र गैर वासिन्दा विमाकम्पनीलाई प्रिमियम भुक्तानी गर्दा १०%

**२३. के कस्ता भुक्तानीमा आयकर लाग्दैन ?**

आयकर ऐन २०५८ को दफा ८८ (४) अनुसार निम्न भुक्तानीमा आयकर लाग्दैन:

- प्राकृतिक व्यक्तिले गरेको व्यवसाय सञ्चालनसँग सम्बन्धित बाहेकका अन्य कुनै भुक्तानीमा
- पत्रपत्रिकामा प्रकाशित लेख रचना वापतको भुक्तानी र प्रश्नपत्र तयार गरे वा उत्तरपुस्तिका जाँच गरेवापतको भुक्तानीमा
- वासिन्दा बैंङ्क वा वित्तीय संस्थालाई तिरेको भुक्तानीमा
- कर छुट पाएको वा रोजगारदाताबाट कर कट्टी हुने भुक्तानीमा
- क्रेडिट कार्ड जारी गर्ने बैंङ्कलाई तिरेको इन्टरचेन्ज शुल्कमा
- सामुहिक लगानीकोष (म्युचुअल फण्ड)लाई भुक्तानी गरिएको लाभांस र ब्याजमा
- कर छुट दिएको भुक्तानी वा कर कट्टी गर्नुपर्ने भुक्तानीमा

**२४. कस्ता भुक्तानीहरूमा अन्तिम रूपमा कर कट्टी हुन्छ ?**

- वासिन्दा व्यक्तिले भुक्तानी गरेको लाभांशमा
- व्यवसाय सञ्चालन गरेको बाहेकका प्राकृतिक व्यक्तिलाई नेपालमा स्रोत भएका घर जग्गा र सोसँग भएका जडान र उपकरण वापत गरेको भाडा भुक्तानीमा
- वासिन्दा व्यक्तिले लगानी विमा वापत गरेको भुक्तानीमा
- वासिन्दा व्यक्तिले तिरेको स्वीकृति नलिएको अवकास कोषको हितवापत भुक्तानी गरेको लाभमा
- वासिन्दा बैंक, वित्तीय संस्था वा ऋणपत्र जारी गर्ने अन्य कुनै निकायले भुक्तानी दिएको नेपालमा स्रोत भएको र व्यवसाय सञ्चालनसँग सम्बन्धित नभएको प्राकृतिक व्यक्तिलाई भुक्तानी गरेको ब्याज वा छुट पाउने संस्थालाई भुक्तानी गरेको ब्याजमा
- रोजगारादाताबाट कर कट्टी गरिएको अन्तिम भुक्तानी, आकस्मिक लाभ वापत कर कट्टि गरिएको भुक्तानी र ठेक्का वापत कर कट्टी गरिएको भुक्तानीमा
- नियमित रूपमा भुक्तानी हुने निवृत्तभरण बाहेकका र अवकास भुक्तानीहरूमा
- वैठक भत्ता तथा पटके रूपमा अध्यापन गराएवापतको भुक्तानीमा
- आकस्मिक लाभ वापतको भुक्तानी
- सामूहिक लगानी कोषबाट प्राकृतिक व्यक्तिलाई वितरण गरिने प्रतिफल रकम।

**२५. के कस्ता भुक्तानीमा अग्रीम कर असूल गर्नुपर्दछ ?**

कमोडिटिज फ्युचर मार्केट अन्तर्गत व्यापार गर्नेबाट सो व्यवसायको मुनाफा वा लाभमा १०% का दरले कानुन बमोजिम दर्ता भई धितोपत्र खरिद विक्रीको कारोबार गर्ने वासिन्दा

Question Bank Nepal

निकाय बाहेक अन्य कुनै व्यक्तिलाई नेपाल धितोपत्र वोर्डमा सूचिकृत निकायको हित निसर्गबाट भएको लाभको हकमा प्राकृतिक व्यक्तिलाई ५% र अन्यलाई १०% का दरले र धितोपत्र वोर्डमा सूचिकृत नभएको निकायको हकमा १०% र १५% का दरले प्राकृतिक व्यक्तिको जग्गा वा निजी भवन निसर्गबाट भएको पूँजीगत लाभमा रजिष्ट्रेशनका वखत ५ वर्ष वा सो भन्दा वढी स्वामित्व भएकोमा २.५% र ५ वर्षभन्दा कम भएमा ५% का दरले ।

## ७.२. आयकर नियमावली, २०५९

**१) कर छुट पाउने संस्थाका रूपमा दर्ता हुन विभागमा दिने निवेदनमा के कस्ता विवरणहरू खुलाउनु पर्दछ ?**

- कुनै संस्थाले आन्तरिक राजस्व विभागमा कर छुट पाउने संस्थाको रूपमा दर्ता हुन निम्न विवरण समावेश गरी निवेदन दिएमा विभागले कर छुट पाउने संस्थाको रूपमा दर्ता गरी प्रमाणपत्र दिनेछः
- प्रचलित कानुनबमोजिम दर्ता हुनुपर्ने संस्थाको हकमा दर्ताको प्रमाणपत्रको प्रतिलिपि
- संस्थाको गठनसम्बन्धी विधानको प्रतिलिपि
- स्थायी लेखा नम्बर प्राप्त गरेको भए सोको प्रतिलिपि
- लेखापरीक्षणको प्रतिवेदन भए सोको प्रतिलिपि ।

यसरी दर्ता भएका बाहेक अन्य निकायलाई विभागले पूर्वाधारद्वारा कर छुटको उपभोग गर्न पाउने निकायको रूपमा तोक्न सक्छ । यसरी कर छुट पाउने संस्थाले आफ्नो लेखापरीक्षण भएको वार्षिक वित्तीय विवरण आर्थिक वर्ष समाप्त भएको ३ महिनाभित्र विभागमा पेश नगरे कर छुट पाउँदैन ।

**२) आयकर नियमावली २०५९ अनुसार आयको गणना सम्बन्धमा के कस्तो व्यवस्था रहेको छ ?**

आयकर नियमावलीको परिच्छेद ३ मा आयको गणना सम्बन्धी व्यवस्था गरिरहेको छ । यस्ता व्यवस्थाहरू निम्न छन्:

१) सानातिना रकमको भुक्तानी सम्वन्धी व्यवस्था ।
२) ह्रास आधारमा गणनामा अधिक खर्च वा सो को मागलाई समावेश नगरिने ।
३) कर लेखांकनको तरिका प्रचलित लेखामानको व्यवस्था बमोजिम हुने ।
४) वैंङ्क वा वित्तीय संस्थाको डुवेको वा खराव ऋणमा परिणत हुने मापदण्ड नेपाल राष्ट्र वैंङ्क ले तोके बमोजिम हुने ।
५) कुनै करारको पक्षले प्रत्येक ६ महिनामा अनुमानित लाभ र हानी सम्वन्धमा विभागले तोकेका कुरा नदेखाएमा करार विलम्वित हुने ।



Question Bank Nepal

६) कुनै निकायको हित निहित भएको वा अवकास कोषको सदस्यता प्राप्त गरेको कारणले उत्पन्न हने कुनै करार वा लगानी विनाको कुनै करार भए त्यस्तो करार समावेश नभएको करार मानिने ।

७) कुनै व्यक्तिको लगानी, रोजगारी वा व्यवसायबाट आर्जित आयलाई कुनै समयमा सामान्य आय वर्षभरि गणना नगरी दीर्घकालिन करारमा समावेश गर्न सकिने ।

यसको साथै निजी प्रयोजनको लागि प्रयोग भएको सवारीसाधन तथा भवनको कर प्रयोजनका लागि आय निर्धारण गर्ने तरिकाको उल्लेख भएको छ । आय गणना गर्दा चानचुन पैसा गणना नगरिने, सामान्य बजार मूल्यको आधारमा अग्रिम रूपमा मूल्य निर्धारण गर्न सक्ने र त्यस्तो मूल्य ५ आय वर्षसम्मको हुन सक्ने पनि व्यवस्था रहेको छ । कुनै निकायको एकीकरणका वा पुर्नसंरचना भई कुनै व्यक्तिको एक निकायको हित अर्को निकायमा प्रतिस्थापन भएमा अस्वेच्छिक निसर्ग सिर्जना भएको मानिने व्यवस्था पनि रहेको छ ।

**३) आयकर नियमावलीले गरेको अवकास बचतसम्बन्धी विशेष व्यवस्था उल्लेख गर्नुहोस् ।**

आयकर ऐनका दफा ६३, बमोजिम अवकास कोष राख्न चाहने व्यक्तिले सोको लागि विभागमा निवेदन दिएमा त्यस्तो कोषको स्वीकृति विभागले निम्न शर्तहरू पालना गर्नुपर्ने गरी दिन सक्ने व्यवस्था छ:

- अवकास कोषमा जम्मा भएको वा प्राप्त हुने रकम स्वीकृत लगानीका क्षेत्रमा मात्र लगानी गर्नुपर्ने ।
- चुक्ता पुँजी कम्तीमा १ करोड हुनुपर्ने ।
- कोषमा हिताधिकारी, कामदार वा कर्मचारीको संख्या कम्तीमा १ हजार हुनुपर्ने ।
- कोषको व्यवस्थापन रोजगारदाताभन्दा स्वतन्त्र रूपमा भएको हुनुपर्ने ।
- अवकास योगदान रकम १५ दिन (असारमा एक महिना) भित्र जम्मा गर्नुपर्ने ।
- अवकास कोषका हिताधिकारी सेवाबाट अवकास भएमा, उमेर ५८ वर्ष पुगेमा वा स्थायी रूपमा अपांग भएमा वा मृत्यु भएमा मात्र अवकास रकम भुक्तानी गर्न सक्ने ।
- सो कोषको वार्षिक लेखापरीक्षण महालेखा परीक्षकबाट स्वीकृति पाएको लेखापरीक्षकबाट गराउनुपर्ने ।
- शर्त पालन नभएमा त्यस्तो कोषको स्वीकृति रद्द गर्न सक्ने ।
- आयकर ऐन प्रारम्भ हुनु अघिका आय वर्षहरूमा कर्मचारी वा कामदारको सञ्चयकोष वा नागरिक लगानी कोषमा जम्मा भएको साँवा ब्याज तथा सो अवधिसम्म पाकेको उपदान तथा सञ्चित विदावापतको रकममा कर छुट हुने ।
- आयकर ऐन प्रारम्भ हुँदाका बखत सेवामा रहेको कर्मचारीको सेवाबाट अवकास हुँदा पाउने १ लाख ८० हजारसम्मको औषधि उपचार खर्चलाई आयमा समावेश नगरिने ।

Question Bank Nepal

- कुनै आय वर्षमा स्वीकृत अवकास कोषको हिताधिकारी व्यक्तिले अवकास कोषमा ३ लाख वा आयको १ तिहाइ जुन घटी हुन्छ सो कर योग्य आयबाट घटाउन सक्ने ।

**४) आयकर नियमावलीमा भएको कर प्रशासन र सरकारी कागजात सम्बन्धी व्यवस्था उल्लेख गर्नुहोस् ।**

आयकर नियमावलीको परिच्छेद ६ मा कर प्रशासन र सोसँग सम्बद्ध कागजातको बारेमा उल्लेख गरिएको छ । उक्त परिच्छेदको व्यवस्थाअनुसार कुनै व्यक्तिले आफूले मानेको प्रबन्धका सम्बन्धमा स्पष्ट हुन पूर्वादेशका लागि निवेदन दिंदा खुलाउनु पर्ने कुराहरू तथा विभागले पूर्वादेश दिनेसम्बन्धी कार्याविधिको उल्लेख छ । यस्तै स्थायी लेखा नम्बर दिने सम्बन्धी व्यवस्था, कारोवार स्थल परिवर्तनको जानकारी, कर चुक्ता तथा कर छुटको प्रमाणपत्र र कर अधिकृतको परिचयपत्र सम्बन्धी व्यवस्था यसमा समेटिएको छ । यी व्यवस्थाहरू आयकर ऐनमा भएका व्यवस्थाहरूमा थप स्पष्टताका लागि गरिएको देखिन्छ ।

**५) आयकर नियमावलीले ऐनले तोकेको कर लाग्ने रोजगारी आयमा छुट हुने दुर्गम भत्ताको सीमा कति तोकेको छ ?**

आयकर नियमावलीले रोजगारी आयमा समावेश भएको दुर्गम भत्तामा निम्न क्षेत्रमा निम्न बमोजिमको रकम आयकर प्रयोजनका लागि गणना नहुने वा छुट हुने व्यवस्था गरेको छः

- 'क' वर्गको क्षेत्रमा – ५० हजार
- 'ख' वर्गको क्षेत्रमा – ३० हजार
- 'ग' वर्गको क्षेत्रमा – ३० हजार
- 'घ' वर्गको क्षेत्रमा – २० हजार
- 'ङ' वर्गको क्षेत्रमा – १० हजार

## (ट) विद्युतीय कारोवार सम्बन्धी ऐन, २०६३

**(१) विद्युतीय कारोवार ऐन किन तर्जुमा भएको हो ?**

विद्युतीय कारोवार ऐन, २०६३ को प्रस्तावनामा उल्लेख भए अनुसार विद्युतीय तथ्याङ्क आदान-प्रदानको माध्यमबाट वा अन्य कुनै विद्युतीय सञ्चार माध्यमबाट हुने कारोबारलाई भरपर्दो र सुरक्षित बनाई विद्युतीय अभिलेखको सृजना, उत्पादन, प्रशोधन, सञ्चय, प्रवाह तथा सम्प्रेषण प्रणालीको मान्यता, सत्यता, अखण्डता र विश्वसनीयतालाई प्रमाणीकरण तथा नियमित गर्ने व्यवस्था गर्न र विद्युतीय अभिलेखलाई अनधिकृत तवरबाट प्रयोग गर्न वा त्यस्तो अभिलेखमा गैरकानूनी तवरबाट परिवर्तन गर्ने कार्यलाई नियन्त्रण गर्नका लागि कानूनी व्यवस्था गर्न यो ऐन जारी भएको हो । यो ऐन नेपालभर लागू हुने र यस प्रतिकुल कारोवार गर्ने जहाँसुकै रहे बसेको व्यक्तिको हकमा समेत लागू हुने व्यवस्था रहेको छ ।

Question Bank Nepal

**(२) यस ऐन अनुसार विद्युतीय अभिलेखको प्रमाणिकताका लागि के गर्नु पर्दछ ?**

यस ऐनको दफा ३ मा उल्लेख भए अनुसार विद्युतीय अभिलेखको प्रामाणिकताका लागि कुनै पनि ग्राहक (विद्युतीय अभिलेख दर्ता गराउने व्यक्ति वा संस्था) ले आफ्नो डिजिटल हस्ताक्षरद्वारा प्रामाणिकता गरेको र त्यस्तो विद्युतीय अभिलेखलाई प्रामाणिकता प्रदान गर्ने कार्य गर्दा त्यस्तो विद्युतीय अभिलेख अर्को विद्युतीय अभिलेखमा हस्तान्तरण हुने कार्य एसिमेट्रिक क्रिप्टो सिस्टम र ह्यास फङ्क्शनको प्रयोगबाट भएको हुनुपर्दछ । यस्तो अभिलेखको प्रामाणिकरणको सम्पुष्टि गर्न ग्राहकले आफनो सार्वजनिक साँचोको प्रयोग गर्नुपर्दछ । एसिमेट्रिक क्रिप्टो सिस्टम डिजिटल हस्ताक्षर सृजना गर्ने निजी साँचो र डिजिटल हस्ताक्षरको सम्पुष्टि गर्ने सार्वजनिक साँचो समावेश भएको एक सुरक्षित जोडी साँचो उत्पन्न गर्ने प्रणाली हो भने ह्यास फङ्क्शन उही अभिलेखलाई आगतको रूपमा प्रयोग गरी प्रत्येक पटक अलगोरिदमलाई कार्यान्वयन गर्दा कुनै अभिलेखबाट उही रूपमा ह्यास परिणाम निस्कने, अलगोरिदमबाट उत्पन्न ह्यास परिणामबाट कुनै अभिलेख प्राप्त गर्न वा पुन: संरचना गर्न सकिने भन्ने कुरा गणनाको दृष्टिबाट सम्भव नहुने र अलगोरिदम प्रयोग गरी उही ह्यास परिणाम उत्पन्न गर्ने दुई अभिलेखहरू प्राप्त गर्न गणनाको दृष्टिबाट सम्भव नहुने गरी अलगोरिदमको नक्साङ्कन गर्ने वा बिटहरूको एउटा श्रृंखलाबद्ध क्रमलाई सामान्यतया सानो अर्को समूहमा रुपान्तर गर्ने कार्य हो ।

**(३) के कस्तो अवस्थामा विद्यतीय अभिलेखले कानुनी मान्यता प्राप्त गर्दछ ?**

विद्युतीय कारोवार ऐन, २०६३ र यस अन्तर्गत बनेका नियममा उल्लेखित प्रक्रिया पूरा गरेको अवस्थामा मात्र कुनै विद्युतीय अभिलेखले कानुनी मान्यता प्राप्त गर्दछ । यस्तो अभिलेख कानुनी मान्यताप्राप्त डिजिटल हस्ताक्षरको माध्यमबाट प्रामाणिकरण भएको हुनुपर्दछ । प्रचलित कानूनमा कुनै सूचना, लिखत वा अभिलेख कुनै खास अवधिसम्म सुरक्षित राख्नु पर्ने भनी उल्लेख गरिएको र देहायका शर्तहरू पूरा हुने गरी त्यस्तो सूचना, लिखत वा अभिलेख विद्युतीय स्वरूपमा सुरक्षित राखिएमा त्यस्तो सूचना, लिखत वा अभिलेखले कानूनी मान्यता प्राप्त गर्दछ ।

(क) पछिल्ला प्रसङ्गहरूमा प्रयोग गर्न सकिने गरी पहुँचयोग्य अवस्थामा राखिएको भएमा,

(ख) शुरुमा सृजना गरी सम्प्रेषण गरिएको, प्राप्त गरिएको वा जम्मा गरिएको अवस्था कै रूपमा पुन: दुरुस्त रूपमा प्रस्तुत गर्ने गरी प्रदर्शन गर्न सकिने ढाँचामा सुरक्षित राखिएको भएमा,

(ग) कुनै अभिलेख सम्प्रेषण गर्ने वा प्राप्त गर्ने प्रयोजनको लागि स्वचालित रूपमा सृजना हुने कुनै सूचनाको सम्बन्धमा बाहेक उत्पत्ति, गन्तव्य र सम्प्रेषण वा प्राप्तिको मिति तथा समय पहिचान गर्न सकिने विवरण उपलब्ध हुने गरी राखिएको भएमा ।

Question Bank Nepal